आज मिति २०८१/०२/२७ गते आईताबारका दिन यस जिरी नगरकार्यपालिकाको १०२ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | डिमुलु शेर्पा |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

अन्य उपस्थिति

पदमान बहादुर जिरेल - प्रशासन शाखा प्रमुख

कृष्ण प्रसाद कहाल - आर्थिक प्रशासन शाखा

विमल कुमार दहाल - योजना शाखा

## १०३ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १०२ औं वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे वैठकमा जानकारी गराई समीक्षा गरियो।

**निर्णय नं. २** यस नगरपालिकाको अनुरोधमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट जिरी नगरपालिका वडा नं. ८ फुल्पिङ्ग क्षेत्रमा जमिन चिरिएको स्थानको भौगर्भिक अध्ययन भई प्राप्त प्रतिवेदन उपर छलफल गरियो। उक्त प्रतिवेदनले सिफारिश गरेको सुझाव सम्बन्धमा सम्बन्धित क्षेत्रका बासिन्दा, प्रतिनिधि, वडा अध्यक्ष सहित जिल्ला विपद व्यवस्थापन समितिमा छलफल गराउन जिल्ला प्रशासन कार्यालय दोलखालाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** यस जिरी नगरपालिकाको महिला, शान्ति र सुरक्षा दोश्रो राष्ट्रिय कार्ययोजना बमोजिम नगरस्तरीय समिति गठन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** यस नगरपालिकाको सहायक स्तर पाचौँ तहका कृष्ण गोपाल खड्का सेवा निवृत्त भएको हुँदा निजलाई १२ वर्ष ३ महिना २३ दिनको उपदान रकम, घर विदा १८० दिनको र विरामी विदा १५२ दिन बराबरको सेवा सुविधा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ५** प्रदेश सशर्त अनुदान अन्तरगत पशु तथा कृषि प्रवर्धन कार्यक्रम वडा नं ७ कार्यक्रम अन्तरगत वडा समितिको सिफारिश बमोजिम पशु विकास शाखाले तोकिएको स्पेशिफिकेशन बमोजिम प्रति भैसिको पाडा रु.१०,०००।– (दश हजार)मा नबढ्ने गरी कृषकले खरिद गरेको बिलको ५० प्रतिशतमा नबढ्ने गरी पशु प्राविधिक सहितको अनुगमन समितिको सिफारिसको आधारमा अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६** यस जिरी नगरपालिका, कृषि विकास शाखाको चालु आ.ब.को लागि संघीय सर्शत अनुदानको आ.ब. २०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम रहेको र सोको सञ्चालन गर्ने सम्बन्धमा गत आ.ब.मा कार्यक्रम सञ्चालन भएका वडाहरू(जिरी-१ को पुम्पा क्षेत्र, जिरी-७ को तल्लो सिक्री गाउँ, जिरी-८ को नागी धनमाले तथा त्रीशुले गाउँ र जिरी-९ को तल्लो चिपचिपे) को करिब १४० रोपनी क्षेत्रफललाई पकेट क्षेत्र स्वीकृती/अनुमोदन गरी उक्त वडाको उक्त क्षेत्रहरुलाई मात्र लक्षित गरेर कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धिको सूचना प्रकाशन गर्ने र आवश्यकीय सबै प्रक्रियासहित कार्यक्रममा छनोट हुने गरी कृषि सहकारी/कृषक समूह/कृषि फर्मसँग कार्यक्रम सञ्चालनको सम्बन्धमा लागत साझेदारी सहितको सम्झौता गरेर कृषि यान्त्रिकरण, पूर्वाधार तथा सामाग्री व्यवस्थापनको क्रियाकलाप प्राथमिकता दिई सम्बन्धित शाखाबाट नै सम्पादन हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** यस जिरी नगरपालिका, कृषि विकास शाखाको चालु आ.ब.को लागि प्रदेश सरकार, शसर्त अनुदानको प्राङ्गारिक मल उत्पादन कार्यक्रममा आर्थिक विकास समिति र सम्बन्धित शाखाले तपसिलमा उल्लेखित मूल्याङ्कन फाराम मार्फत प्रस्ताव पेश गर्ने र विभिन्न साझेदार संस्थाले पेश गरेका कागजात तथा कार्ययोजना अध्ययन तथा मूल्याङ्कन फर्म छनोट गरी सिफारिस गरे बमोजिम गोकुलेश्वरी अर्गानिक कृषक समूह, जिरी-५, स्वीर्णीम बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्म, जिरी-३ र सगुन कृषि तथा पशु उत्पादन फर्म, जिरी-७

लाई कार्यक्रममा छनोट गरेर समयको पावन्दीलाई मध्यनजर गर्दै प्राङ्गारिक मल उत्पादनको प्रारम्भिक चरणमा गर्नुपर्ने आवश्यकीय कार्य जस्तैः संरचना निर्माण तथा सामाग्री व्यवस्थापनको कार्यमा सहायता पुग्ने किसिमले लागत साझेदारी सहितको सम्झौता गरेर कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** यस नगरपालिकाको वडा नं. ५ स्थित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउन यस अघि दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्दा कुनै पनि प्रस्ताव नपरेकोमा ९९ औँ कार्यपालिकाबाट न्यूनतम दर घटाई भाडामा लगाउन नगर विकास कोष समक्ष परामर्श माग गरिएकोमा उक्त कोषको मिति २०८०।१२।२१ गतेको पत्रबाट प्राप्त सिफारिश बमोजिम देहायको दररेटलाई न्यूनतम दररेट मानी बढाबढ विधिबाट भाडामा लगाउन पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

१. पहिलो तला प्रति फिट रु. ६०।-
२. दोश्रो तला प्रति फिट रु.८०।–
३. तेश्रो तला प्रति फिट रु.५०।–
४. चौथो तला प्रति फिट रु.२५।–
५. पाँचौ तला प्रति फिट रु.३०।–

**निर्णय नं. ९** पशुपति चौलागाई स्मृति क्लवद्धारा आयोजित भलिबल प्रतियोगिताको लागि विविध कार्यक्रम खर्च शीर्षकबाट रु.१,००,०००।– (एक लाख) रुपैया उक्त क्लवलाई भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १०** यस नगरपालिकाको सशर्त अनुदान अन्तरगत नविकरणीय ऊर्जा प्रविधि जडान अन्तरगत यस नगरपालिका भित्र रहेको ठूलोपातल स्वास्थ्य चौकी र श्यामा स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरमा सोलार प्रविधि जडान गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** यस जिरी नगरपालिका वडा नं. ५ मा रहेको यातायात सेवा काउण्टरहरू यस नगरपालिकाको वसपार्कमा रहेको सपिङ्ग, कम्प्लेक्सबाट संचालन गराउने निर्णय गरियो।

**निर्णय नं. १२** यस जिरी नगरपालिका वडा नं. ९ निवासी ढल बहादुर तमाङको अचानक एकै पटक ४ वटा गाइ र भैसी मरी क्षती भएको हुँदा निजलाइ अन्य सामाजिक सहायता शीर्षकबाट रु. ५० हजार दिने निर्णय गरियो।

CamScanner